# देवघाट गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक मितिः२०८१।०९।११ गते बिहिबार बैठक समयः दिनको १०:३० बजे

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

बैठक संख्याः ०६-२०८१/०८२ स्थानः गाउँ कार्यपालिकाको कार्यालय

<u>उपस्थितिः</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तिल बहादुर थापा | गा.पा.अध्यक्ष | | |
| २ | श्री भुवन सिं गुरुङ | गा.पा.उपाध्यक्ष | | |
| ३ | श्री मनि राज गुरुङ | १ नं. वडाअध्यक्ष | | |
| ४ | श्री मीन बहादुर राना मगर | २ नं. वडाअध्यक्ष | | |
| ५ | श्री टेक बहादुर आले | ३ नं. वडाअध्यक्ष | | |
| ६ | श्री मित्र लाल गुरुङ | ४ नं. वडाअध्यक्ष | | |
| ७ | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाअध्यक्ष | | |
| ८ | श्री बाल कुमारी परियार | कार्यपालिका सदस्य | बाल | |
| ९ | श्री हुम माया खान | कार्यपालिका सदस्य | | |
| १० | श्री यम माया गुरुङ | कार्यपालिका सदस्य | | |
| ११ | श्री मन माया वि.क. | कार्यपालिका सदस्य | मन माया | |
| १२ | श्री गंगा सिं वि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री बाबुराम परियार | कार्यपालिका सदस्य | | |
| १४ | दिनेश सारु | सदस्य सचिव | | |
| | | अन्य उपस्थिति | | |
| १ | शरद पोखरेल | ले.अ. | | |
| २. | गोविन्द प्र पौडेल | अधिकृत | | |
| ३. | टीका गुरुङ | अधिकृत | | |
| ४. | अर्जुन अधिकारी | आ.इ.टी.अ. | | |

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं.१ : समीक्षा सम्बन्धमा।

प्रस्ताव नं.२ : गाउँसभाको हिउँदे अधिवेशन सम्बन्धमा।

प्रस्ताव नं.३: अन्य विविध।

## निर्णयहरु:

निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयन प्रकृयामा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई नियमानुसार कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो ।

निर्णय नं.२ : प्रस्ताव नं. २ माथि छलफल गर्दा यस देवघाट गाउँपालिका गाउँसभाको १५ औं अधविशन मति २०८१।०९।२२ गते विहान ११:३० बजे आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियो ।

क. गण्डकी प्रदेश,आर्थिक मामिला मन्त्रालय द्धारा मिति २०८१।०८।३० मा बिषय प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुरुप स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड,२०८१ को दफा ३ को उपदफा ५(ग) बमोजिम देवघाट गाउँपालिकाको ३ नं. वडा कार्यालय निर्माण गर्ने प्रयोजनार्थ देवघाट गाउँपालिकाको तर्फबाट लागत साझेदारीमा सहभागिता ब्यहोर्न रु.५०,००,०००। (अक्षेरुपी पचास लाख रुपैयाँ मात्र) स्रोत सुनिश्चित गर्ने र सो स्रोत प्रचलित नियमानुसार खर्च गर्ने प्रतिबद्धता गर्ने समेत सर्वसम्मत रुपमा निर्णय गरियो ।

ख. यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आवासमा रहि सरसफाई तथा मेस सम्बन्धी कामकाज गर्न सहयोगी आवश्यक परेकोमा निजगढ-१०, बारा निवासी सन्तोष बहादुर बाइवालाई प्रधानमन्त्री रोजगार कार्यक्रमको नम्स अनुरुप दैनिक ज्याला पाउने गरि ज्याला सम्झौता तथा नियुक्ती गरि कामकाज लगाउने सर्वसम्मत निर्णय गरियो ।

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष